उच्च अदालत विराटनगर धनकुटा इजलास २०७२

सूचना!!! सूचना!!! सूचना!!!

यहि मिति २०७७ साल असार १७ गते बुधबारको दिन उच्च अदालत विराटनगर, धनकुटा इजलासको सभाहलमा मुख्य भई काम गर्नु हुने माननीय न्यायाधीश श्री नीता गौतम दीक्षितज्यूको अध्यक्षतामा बार, वेञ्च र सरकारी वकिलको बिचमा लकडाउनले निरन्तरता पाइरहेको अवस्थामा मुद्दाका काम कारवाही अगाडी बढाउन सकिन्छ या सकिदैंन ? कसरी अगाडी बढ्ने भन्ने सन्दर्भमा भएको अन्तरक्रिया तथा छलफलबाट देहाय बमोजिम गर्ने गरी भएको निर्णय बमोजिम सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क) विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमणबाट बच्न अपनाउनु पर्ने सुरक्षाको उपायको अनिवार्य रुपमा अवलम्वन गर्नुपर्ने।

ख) पक्षहरुको सुनुवाईको मौका र पक्षको कानून व्यवसायीको उपस्थितिको सुनिश्चिततालाई मध्यनजर गर्दै कानून व्यवसायीहरुसँग समन्वय गरी सहजताका हिसावले अंग पुगेका मुद्दाहरु पेसी चढाउने।

ग) पुनरावेदनपत्र, निवेदनपत्र आदि दर्ता हुन आएका खण्डमा सुरक्षाको उपाय अपनाउदै कारवाही अगाडी बढाउने।